वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४५ अंक १३६ | २०८३ असोज ०१ गते विहीबार, नेपाल सम्वत् ११४६ September 17, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-

# जग्गा थियो, लालपुर्जा थिएन : ‘५२ वर्षपछि एकबहादुरको हातमा लालपुर्जा’

## वर्षौंदेखि भोगचलन गर्दै आएको जग्गाको कानुनी स्वामित्व पाएपछि देवघाटका लाभग्राहीमा खुसीयाली

**भञ्ज्याङ समाचारदाता/देवघाट**

उमेरले चार बिसा नाघेका एकबहादुर दर्जी बुधबार देवघाट गाउँपालिकाको प्राङ्गणमा निकै हर्षित मुद्रामा देखिन्थे । ३१ वर्षको उमेरमा देवघाटको कोटा पुगेर बसोबास थालेका दर्जीले त्यही विवाह गरे, परिवार बसाए र सन्तान हुर्काए । तर आफूले जीवनको अधिकांश समय बिताएको जग्गाको स्वामित्व भने उनको नाममा थिएन । झण्डै ५२ वर्षपछि बुधबार हातमा जग्गाधनी प्रमाणपुर्जा पर्दा दर्जीका लागि त्यो खुसी शब्दमा व्यक्त गर्न कठिन थियो ।

“३१ वर्षको हुँदा देवघाट आएर बसोबास गरेँ। यही विवाह गरे र बालबच्चा हुर्काएँ”, लालपुर्जा हातमा लिएपछि दर्जीले भने, “आज धन्दाधन्दै ५२ वर्षपछि आफ्नै हातमा जग्गाधनी पुर्जा आउँदा निकै खुसी छु। यो जग्गा पहिले काँचो थियो, अहिले आएर बल्ल पाकेको छ ।”

लालपुर्जा हातमा परेपछि दर्जीले आफ्नो परिवारलाई सम्झिए । विशेषगरी यही प्रमाणपुर्जाका लागि आफूसँगै पटकपटक वडा कार्यालय धाएकी दिवंगत श्रीमतीलाई उनले सम्झिए ।

उनले भावुक हुँदै भने, “मेरी श्रीमती नरहेको पनि चार वर्ष टेक्यो । उनि हुँदै यो पुर्जा हात परेको भए मभन्दा बढी खुसी हुन्थिन् होला ।”

दर्जीको जस्तै लामो प्रतीक्षा होमाया परियारको पनि थियो । देवघाट गाउँपालिका-१ कोटाकी परियार बुधबार छोरा लिएर गाउँपालिकाको परिसर पुगेकी थिइन् । लामो समयदेखि विभिन्न सरकारी निकाय र भूमि समस्या समाधानसम्बन्धी समितिको ढोका ढकढक्याउँदै आए पनि हातमा लालपुर्जा नपरेसम्म उनलाई आफ्नो नाममा जग्गा आउँछ भन्ने पूर्ण विश्वास थिएन ।

आफ्नै नाममा लालपुर्जा पाउछुकि भन्ने झिनो आशा लिएर बसेकी होमायाको हातमा बुधबार जब आफ्नै नाममा जग्गाधनी प्रमाणपुर्जा हात पर्‍यो, उनको खुसीको सीमा रहेन ।




“यो पुर्जाका लागि म कति धाएँ । वडा हुन्छ कि, पालिका हुन्छ कि, जिल्ला हुन्छ– सबै ठाउँ पुगेँ । भूमिहीन दलित तथा सुकुम्बासीलाई जग्गाधनी पुर्जा दिन खुलेका सबै समितिसँग ठोक्किएँ”, परियारले भनिन्, “३५ वर्षदेखि भोगचलन गर्दै आएको जग्गाजमिन आज आफ्नै नाममा आएको छ । सबै खुसी छौँ ।”

देवघाट गाउँपालिका-१ का १० भूमिहीन दलित तथा सुकुम्बासी परिवारले बुधबार वर्षौंदेखि प्रतीक्षा गरेको जग्गाधनी प्रमाणपुर्जा पाएका छन् । गाउँपालिकाले एक कार्यक्रमबीच मिनुमाया गुरूङ, सुशिला गुरूङ, भविलाल गुरूङ, बुद्धबहादुर परियार, सोमबहादुर दमै, सुनिता दर्जी, सुरज दमाई, एकबहादुर दर्जी, विष्णुबहादुर माझी र होमाया परियारलाई प्रमाणपुर्जा उपलब्ध गराएको छ ।

पहिलो चरणमा १० जनालाई मात्र प्रमाणपुर्जा वितरण गरिए पनि बाँकी निवेदनमाथि छानबिन गरी क्रमशः प्रक्रियामा लैजाने देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले बताए ।

“देवघाट-१ मा २१ जना भूमिहीन दलित, २१ जना भूमिहीन सुकुम्बासी र ४६१ जनाले अव्यवस्थित बसोबासीका रूपमा निवेदन दिनु भएको थियो”, उनले भने, “तीन पुस्तामा कसैको नाममा पनि जग्गा नभएको देखिएमा जग्गाधनी पुर्जा दिन मिल्ने मापदण्डअनुसार छानबिन गर्दा १० जनाको हकमा त्यस्तो जग्गा नदेखिएकाले प्रमाणपुर्जा वितरण गरिएको हो । केहीको कागज बन्ने प्रक्रियामै छ ।”

तर सबै निवेदकको प्रक्रिया सहज छैन । कतिपयको तीन पुस्ते विवरणमा मृत्यु दर्ता नभएको र कतिपयका बाबुआमाकै नागरिकता नबनेका कारण प्रमाण जुटाउन समस्या भएको अध्यक्ष थापाले बताए ।

उनका अनुसार कतिपय ५० वर्ष आसपासका व्यक्तिका हजुरबुबाको नागरिकता वा मृत्यु दर्तासमेत नभेटिँदा तीन पुस्ते विवरण प्रमाणित गर्न कठिन भएको छ । वि.सं. २०३५/०३६ सालअघि व्यक्तिगत घटना दर्ताको व्यवस्थित व्यवस्था नभएकाले पुराना पुस्ताको मृत्यु दर्तासम्बन्धी

बाँकी तेश्रो पेजमा

# जलवायु न्यायको माग गर्दै मुस्ताङबाट २१ बुँदे घोषणापत्र

**भञ्ज्याङ समाचारदाता/मुस्ताङ**

हिमाली क्षेत्रमा बढ्दो जलवायु संकटलाई विकास संकटका रूपमा स्वीकार गर्दै मुस्ताङमा आयोजित घरपझोङ जलवायु परिवर्तन सम्मेलनले २१ बुँदे घोषणापत्र जारी गरेको छ। घोषणापत्रमार्फत जलवायु परिवर्तनबाट प्रभावित हिमाली समुदायका लागि अन्तर्राष्ट्रिय जलवायु वित्त तथा क्षतिपूर्तिको व्यवस्था गर्न माग गरिएको छ ।

विश्व ओजोन तह बचाउ दिवसका अवसरमा आयोजित सम्मेलनले 'हिमालको आवाज, स्थानीय तहको संकल्प र जलवायु न्यायको साझा प्रतिबद्धता' तथा 'स्थानीय तहको जिम्मेवारी: जलवायु न्यायका लागि साझेदारी' भन्ने नारासहित घोषणापत्र सार्वजनिक गरेको हो।

नेपालको विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा योगदान अत्यन्त न्यून भए पनि जलवायु परिवर्तनको असर प्रत्यक्ष रूपमा भोगिरहेको



उल्लेख गर्दै सम्मेलनले जलवायु न्यायलाई प्रमुख मुद्दाका रूपमा अघि बढाउनुपर्नेमा जोड दिएको छ। गैर-आर्थिक हानि-नोक्सानी, वातावरणीय क्षति तथा स्थानीय परम्परा र संस्कृतिमा परेको असरलाई समेत जलवायुजन्य हानि-नोक्सानीकै अभिन्न हिस्सा मानेर सम्बोधन गर्नुपर्ने घोषणापत्रमा उल्लेख छ ।

**विपद्पछिको उद्धार होइन, पूर्वतयारीमा जोड**

सम्मेलनमा सहभागी स्थानीय तहहरूले विपद् आएपछि उद्धार गर्ने परम्परागत प्रणालीबाट अघि बढ्दै पूर्वतयारी, जोखिम न्यूनीकरण र जलवायु-उत्थानशील पूर्वाधार निर्माणमा केन्द्रित हुने प्रतिबद्धता जनाएका छन् ।

जलवायु परिवर्तनका कारण हुने विस्थापनलाई सुरक्षित, व्यवस्थित र अधिकारमा आधारित ढंगले सम्बोधन गर्न राष्ट्रिय नीति तथा स्थानीय कार्ययोजना बनाउन सरकारसँग आग्रह गरिएको छ। सार्वजनिक निकायमा प्लास्टिकजन्य सामग्रीको प्रयोग निरूत्साहित गर्ने प्रतिबद्धता पनि स्थानीय तहहरूले व्यक्त गरेका छन् ।

बाँकी तेश्रो पेजमा

# किहुँ प्रहरी चौकीको नवनिर्मित भवन उद्घाटन

**भञ्ज्याङ समाचारदाता/भिमाद**

तनहुँको भिमाद नगरपालिका-१ किहुँस्थित प्रहरी चौकी किहुँको नवनिर्मित भवन बुधबार उद्घाटन गरिएको छ । गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराका प्रमुख प्रहरी नायव महानिरीक्षक (डीआईजी)



दिपेन्द्र घर्ती क्षेत्रीले एक कार्यक्रमबीच नवनिर्मित भवनको उद्घाटन गरेका थिए ।

उद्घाटन कार्यक्रममा नेपाल प्रहरी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक श्यामकृष्ण अधिकारी, तनहुँका सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मी, जिल्ला प्रहरी कार्यालय तनहुँका प्रमुख प्रहरी उपरीक्षक टेकबहादुर कार्की, विशेष सुरक्षा गण बेलचौताराका प्रमुख प्रहरी उपरीक्षक महेश थापा, प्रदेश प्रहरी कार्यालय पोखराका प्रहरी उपरीक्षक श्यामु अर्याल तथा राष्ट्रिय अनुसन्धान कार्यालयका उप-अनुसन्धान निर्देशक मनोज ढकाललगायतको उपस्थिति रहेको थियो ।

त्यस्तै, भिमाद नगरपालिका-१ का वडाध्यक्ष दीपक आले, वडा नं. ६ का वडाध्यक्ष श्यामसुन्दर श्रेष्ठसहित स्थानीयको सहभागिता रहेको थियो ।

नवनिर्मित भवनबाट स्थानीय क्षेत्रमा शान्ति-सुरक्षा तथा प्रहरी सेवा प्रवाहलाई थप सहज र प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# उपभोक्ता अधिकार

सामान्यतया जीविकाका लागि वस्तु वा सेवा खरिद गरी प्रयोग गर्ने प्रत्येक व्यक्ति वा संस्थालाई उपभोक्ता भनिन्छ । उपभोगको चक्रलाई नियाल्दा आज कोही बिक्रेता भए पनि भोलि उपभोक्ता बन्न सक्छ । यस कारण समाजमा उपभोक्ता नभएको प्रायः कोही हुँदैन । यही कारणले उपभोक्ता अधिकारलाई मानव अधिकारकै अभिन्न अङ्ग मान्न सकिन्छ । गुणस्तरीय जीवनयापन, स्वास्थ्य, सुरक्षासहित न्यायसम्मत मूल्यमा आवश्यक वस्तु वा सेवा पाउने हक उपभोक्ताको आधारभूत हक हो । सन् १९६२ मा अमेरिकी कांग्रेसले "सुरक्षा, छनोट, सुनुवाइ र सूचना" उपभोक्ताका चार आधारभूत अधिकार मान्यता दिएको दिनकै सम्झनामा हरेक वर्ष मार्च १५ (चैत्र २) गतेका दिन विश्व उपभोक्ता अधिकार दिवस पनि मनाउने गरिन्छ । नेपालमा पनि पछिल्ला वर्षमा यो दिवस मनाइन्छ तर उत्सवभन्दा कार्यान्वयन पक्ष भने कमजोर छ । नेपालको संविधान, २०७२ ले धारा ४४ मा उपभोक्ताको मौलिक हक सुनिश्चित गरेको छ । गुणस्तरीय वस्तु वा सेवा पाउने र त्यसबाट क्षति भए क्षतिपूर्ति पाउने व्यवस्था स्पष्ट छ । त्यसलाई कार्यान्वयन गर्न उपभोक्ता संरक्षण ऐन, २०७५ ल्याइएको छ । तर ऐन–कानुन बने पनि कार्यान्वयन तहमा सरकारी निकाय मौनजस्तै छ । अझ ऐन २०७५ लागू भएपछि पुरानो ऐन २०५४ अन्तर्गत दर्ता भएका थुप्रै मुद्दाको भविष्य स्पष्ट छैन। यसले उपभोक्ता उजुरीहरु जिल्ला प्रशासनमा थन्किन पुगेका छन् । यस्तो अवस्थामा गठन भएका उपभोक्ता अदालतले न्याय दिन सक्छ भन्ने आशा जगाएपनि त्यो पुरा हुन सकेको छैन । तर यो अदालत सातै प्रदेशमा मात्र होइन, ७७ वटै जिल्लामा विस्तार गर्नुपर्ने माग बलियो हुँदै गएको थियो । अझ पहिलो चरणमै सातै प्रदेशमा कार्यान्वयन गर्न सके उपभोक्ता अदालतप्रति विश्वास बढ्नेछ ।

उपभोक्ता अधिकारको हनन् किन हुन्छ भन्ने प्रश्नमा नियाल्दा बजार व्यवस्थापनमा विकृति देखिन्छ । बिक्रेताको एकाधिकार, खरिदकर्ताको कमजोर सौदाबाजी क्षमता, सिन्डिकेट वा कार्टेलिङ, कालोबजारी, अनावश्यक मूल्यवृद्धि र गुणस्तरहीन उत्पादन यी सबै कारणले उपभोक्तामाथि अन्याय हुने गरेको छ। दाल, चामल, तेल जस्ता दैनिक उपभोग्य खाद्यान्नमा मात्रै सतही अनुगमन हुनु र स्वास्थ्यसँग प्रत्यक्ष जोडिएका दूध, तरकारी, फलफूल, माछा–मासु जस्ता वस्तुमा गुणस्तरीय जाँच नगर्नु उपभोक्ताका लागि घातक छ । आज मुलुकमा मूल्यवृद्धि केवल आर्थिक कारणले मात्र होइन, व्यवसायीको मनोमानीले पनि भएको छ । उत्पादन घट्नु, आपूर्ति अभाव हुनु, आयात निर्भरता बढ्नु एक कारण भए पनि नाफाखोरी प्रवृत्ति अर्को ठूलो कारण हो । सरकारले सिन्डिकेट तोड्न नसक्नु, कार्टेलिङ नियन्त्रण नगर्नु र अनुगमनलाई देखावटी मात्र बनाउनु उपभोक्ताविरोधी नीति बन्न पुगेको छ। वास्तवमा उपभोक्ता अधिकारको संरक्षण नगरी शान्ति, स्थिरता र समृद्धिको कल्पना गर्न सकिँदैन । अस्वाभाविक महँगीले विपन्न वर्ग मात्र होइन, मध्यम वर्गलाई पनि दैनिक जीवनयापनमा कठिनाइ सिर्जना गरेको छ । यसले दीर्घकालीन रूपमा सामाजिक विभाजन र असन्तोष बढाउने खतरा बोकेको छ।

त्यसैले तत्कालै गर्नुपर्ने काम के हो भने, पहिलो, बजारमा प्रभावकारी अनुगमन र नियमन गर्ने । दोस्रो, तीनै तहका सरकारले स्पष्ट आपूर्ति नीति, सुपथ मूल्य पसल, उपभोक्ता सूचना केन्द्र, गुनासो व्यवस्थापन एकाइ स्थापना गर्नुपर्छ । तेस्रो, खाद्य प्रविधि, औषधि व्यवस्था, गुणस्तर विभाग, कृषि, यातायात, सञ्चार, खानेपानीजस्ता निकायबीच एकीकृत कार्ययोजना लागू गर्नुपर्छ । चौथो, विद्यालयदेखि समुदायसम्म उपभोक्ता शिक्षा अभियान सञ्चालन गर्नुपर्छ । साथै, सूचनाको हकसम्बन्धी कानुनलाई उपभोक्ता क्षेत्रमा कठोरतापूर्वक लागू गर्नु अहिलेको आवश्यकता हो । मूल्य, गुणस्तर, परिमाण र शुद्धताको स्पष्ट विवरण दिने व्यवस्था अनिवार्य हुनुपर्छ । विदेशी आयातमा लेबल नखुलेका वस्तु पूर्ण रूपमा प्रतिबन्ध गर्नुपर्छ । दण्ड मात्र होइन, इमानदार व्यवसायीलाई पुरस्कार दिने संस्कृतिसमेत विकास गर्न जरूरी छ । उपभोक्ता हित संरक्षणका लागि दर्जनौं ऐन–कानुन छरिएका छन् । ती सबैलाई एउटै छाता कानुनमार्फत समेट्ने कार्य सुरू गर्नुपर्छ । साथै शक्तिशाली उपभोक्ता आयोग गठन गरी गुनासो सुन्ने, छानबिन गर्ने र क्षतिपूर्ति दिने अधिकारसम्पन्न निकाय बनाउनु पर्छ । आज उपभोक्ताको हक केवल कागजमै सीमित छ । तर संविधानले दिएको मौलिक हक व्यवहारमा उतार्न सरकार, निजी क्षेत्र, राजनीतिक दल, नागरिक समाज र उपभोक्ता संघ–संस्थाले साझा अभियान चलाउन जरूरी छ । उपभोक्ताको अधिकार सुरक्षित नभएसम्म बजार स्वच्छ हुँदैन, न त नागरिकमा राज्यप्रतिको विश्वास नै बढ्छ । उपभोक्ता अधिकार दिवसलाई औपचारिकता होइन, कार्यान्वयनको दिन बनाउने हो भने मात्र यसको सार्थकता हुनेछ । अन्यथा, महँगी, गुणस्तरहीनता, आपूर्ति संकट र अनुगमनहीनताको चक्रबाट नागरिक कहिल्यै मुक्त हुन सक्दैनन् । अहिले विभिन्न देशमा चलेका युद्ध, मुलुकभित्रैका बाढीपहिरो र रसुवा भोटेकोशीले निम्त्याएको संकटलाई देखाएर मूल्यवृद्धि र उपभोग्य वस्तुको अभावले उपभोक्ताको ढाटसेकिएको अवस्था छ । नेपालीका प्रमुख चाडपर्वहरू पनि नजिकिएका कारण यस तर्फ तीनै तहका सरकारले विशेष ध्यान दिनुपर्ने अहिलेको आवश्यकता हो ।

# पानीजन्य विपद् र विनाश

♦ भरत गौतम

सबै स्थानमा पानी पर्याप्त हुँदैन । पर्याप्त हुने स्थानमा पानीबाट अवसरसहित जोखिम पनि उत्तिकै रहेको पाइन्छ । प्रत्येक मानिसका लागि एक दिनमा न्यूनतम ४० लिटर पानी आवश्यक पर्ने गर्छ । प्रकृति र जीवनसँग जोडिएको पानी आर्थिक उपार्जनको स्रोत पनि हो । खाने पानीसहित पानीबाट बिजुली, सिँचाइ, माछा पालन, पर्यटकीय स्रोत, जलमार्ग लगायतका अवसर पनि छन् । पानीको उपयोगितासँगै जोखिम हुने गरेको र मानव जीवनमा पानी चुनौतीका रूपमा रहने गरेको छ ।

भोटेकोशीमा भदौ १० गते चीनको सिमानामाथि तिब्बतको ल्हेन्दे खोलामा हिम पहिरो आएका कारण भोटकोशीमा आएको बाढीले सीमा क्षेत्र रसुवागढी, टिमूरे, स्याप्रुबेसी, बेत्रावती, त्रिशूली, गल्छी र बैरेनी बजार लगायतको तटीय क्षेत्रमा भएको विनाश र प्रभावित क्षेत्रमा भएको मानवीय र भौतिक क्षतिको अकल्पनीय विपद्को अवस्था नेपालले सहन गर्नु पारेको छ । यो विपद् पानीसँग सम्बन्धित भएको र विपद्को पूर्व चेतावनी दिन सकिने प्रविधिको प्रयोग हुन नसकेको अवस्था पनि रह्यो । गत वर्ष पनि हिम पहिरोका कारण सोलुखुम्बुमा यस्तै हिमताल र पहिरोको विपद्ले ११ बोडरको प्रभावसँग जोडिएकोले पनि समस्या देखियो । पानीको विपद् भएकाले यसको प्रभाव नदीको सबै तटीय क्षेत्रमा पऱ्यो ।

प्रस्तुत बिपद्मा राज्यको सम्पूर्ण शक्ति खोज उद्धार, घाइतेको उपचार, घरबार विहीनलाई सामान्य जीवनको पुनर्स्थापन लगायतका काममा तत्कालै कार्य प्रक्रियामा जानु पर्ने छ । सरकार राज्यका सम्पूर्ण शक्तिको परिचालन गरी मानव संकटमा खोजी उद्धार र राहत वितरणको व्यवस्थापन गर्न प्रयासरत छ । सरकारले खोज उद्धार कार्यमा देखाएको सक्रियतामा आम नागरिकले साथ रहेको र यस्तो संकटमा खोज उद्धार तथा राहत वितरणमा आम नागरिकले प्रत्यक्ष अप्रत्यक्ष सहयोग गरी पीडितलाई सहयोग गर्नु नागरिकको दायित्व पनि हो ।

पानीबाट हुने विपद् मौसम अनुसार आउने, समयमै आम नागरिकलाई सजक र सतर्क गराइ जोखिमबाट बचाउन सकिने तथा नदी नालामा पानीको बहाव बढ्ने अवस्था आए साइरनको प्रविधिबाट प्रभावित क्षेत्रमा सतर्क गराउन सकिने अवसरहरु थिए । विपद् प्रभावित क्षेत्रमा रहेका विपद् व्यवस्थापन संयन्त्रले जोखिमको आकलन रोक्न नसकिए पनि जोखिमलाई निकै कम गर्न भने सकिन्थ्यो ।

पछिल्लो विपद्को मुख्य कारण जलवायु परिवर्तनको असर हो भन्ने विश्वव्यापी तर्क रहँदै आएको छ । मौसममा आएको परिवर्तनको असरका कारण हिमवत् क्षेत्रका मानिसहरूले पानीजन्य प्रलय र विपद् बढी व्यहोर्नु परेको छ । पृथ्वीको ओजोन तहमा परेको प्रतिकूल प्रभाव, उत्पादनमा हुने जैविक इन्धनको प्रयोग, विकसित राष्ट्रहरूको औद्योगिकीकरणबाट उत्सर्जन हुने कार्बन तथा बढ्दो तापक्रमका कारण जलवायु परिवर्तनको प्रतिकूल असरबाट गरिब मुलुकहरु बढी प्रताडित छन् । यो अवस्था धनी राष्ट्रहरूले गरिब राष्ट्रहरूमाथि गरेको अन्याय हो भन्ने विश्वव्यापी मान्यता छ। जलवायु परिवर्तनको असर न्यूनीकरण गर्ने विषयमा हालसम्म २९ पटक कोप सम्मेलनहरु भइसकेका छन् । ती सम्मेलनहरूमा हिन्दूकुश क्षेत्रका हिमालको बर्फ अत्यधिक पग्लिएको, हिमताल फुटेको, कृषि उत्पादन घट्न गई जनजीवन प्रभावित भएको र तापक्रम बढेको विषय प्रमुखताका साथ उठाइएको थियो ।

यसका साथै अन्तर्राष्ट्रिय न्यायाधिकरण (हेग) मा समेत जलवायु न्याय र राष्ट्रिय क्षतिको तथ्याङ्क प्रस्तुत गरिएको थियो। पानीबाट हुने विपद्को जोखिम कम गर्ने



घर परिवार, विद्यालय र स्वास्थ्य चौकी लगायतको विनाश गरेको थियो ।

अघिल्ला बर्सहरुमा मेलम्चीमा विनाशकारी विपद्ले धनजनको क्षतिसँगै काठमाडौंमा आउने खानेपानी स्रोतमा विनाश गरेको थियो भने बिपी मार्ग आसपासमा क्षति हुने गरी काभ्रे तथा दुधकोशीको तटीय क्षेत्र लगायतमा बाढीले नोक्शनी गरेकाले पुनर्निर्माण पूर्ण गर्न सकिएको छैन । सन् २००४ मा प्रशान्त महासागरका तटीय क्षेत्रमा आएको सुनामी तथा केही वर्ष पहिले भारतको उत्तराखण्ड केदारनाथ लगायत क्षेत्रमा बाढी पहिरोबाट भएको विनाश, गत वर्ष पाकिस्तानमा आएको भीषण बाढी र हालै भारतको पूर्वोत्तर असाम राज्य लगायतमा आएको बाढीको विपद्ले धनजनको निकै क्षति पुऱ्यायो । प्रस्तुत विपद् सम्बन्ध पानी सहित भूकम्प, हिमताल र पहिरोसँग जोडिएकाले विनाशको भयाभय स्थिति देखिने गरेको पाइन्छ। विश्वमा पानीबाट हुने विपद्लाई अग्र स्थानमा हेरिने गरिएको छ ।

समुन्द्रका तटीय क्षेत्र र हिमालबाट बग्ने नदी बढी पानीको बिपद्बाट प्रभावित भएको पाइन्छ । जलवायु परिवर्तनको प्रभाव पनि पानीको विपद्सँग जोडिएको छ । कतिपय अवस्थामा विपद् विरूद्धको सूचना र रणनीतिक कार्य योजनाको प्रभावकारिताले पनि विपद् जोखिम प्रतिकार्य वा नियन्त्रणमा प्रभाव पार्छ । भोटे कोशीमा आएको विनाशकारी बाढी पहिरो किन र कसरी आयो भन्ने विषय चर्चामा छ । चीनको तिब्बत क्षेत्रको बिकट स्थान भएकाले पनि समयमा सूचनाहरु आउन सकेनन् होला । प्रस्तुत विपद् क्रश गर्ने र बिपद्बाट जोगिन वा विपद् हुने सम्भावित क्षेत्रलाई खाली गराउने र बिपद्बाट हुन सक्ने पूर्व होसियारी अपनाउन गर्ने क्रियाकलाप र सूचना प्रवाह गर्ने कामको प्रभावकारिताले क्षतिलाई कम गर्न सकिन्थ्यो। मौसम विभागले दिने सूचनाले पनि नागरिक सचेत र सतर्क हुने अवस्था रहन्थ्यो ।

भोटेकोशीको बाढी पहिरोमा सूचनाको प्रवाहमा कमजोरी रहेको सार्वजनिक आवाजहरु आए । सूचना सीमा पारीबाट आउनु पर्थ्यो । सूचना समयमा आएको भए जनको क्षति निकै कम हुन्थ्यो र धनको क्षतिमा पनि कमी हुन सक्थ्यो । सीमा प्रशासनको प्रभावकारिता वा विपद् व्यवस्थापन कूटनीतिमा कमजोरी भएको भन्ने भनाइ पनि रह्यो । पानीको विपद् हुने मौसममा सम्बन्धित जिल्ला प्रशासन वा सीमा प्रशासनले सीमा पारीको सम्बन्धित निकायसँग सम्पर्क गरी विपद् जोखिमको सूचना आदान प्रदान गर्नुपर्ने र नागरिकलाई प्रभावित क्षेत्रमा समयमै सजक र सतर्क बनाउने विषयलाई प्राथमिकता दिनु पर्ने देखियो ।

पानीबाट हुने विपद्को प्रत्यक्ष सम्बन्ध भूगोलसँग पनि रहेको छ। हिमवत् क्षेत्रमा हिमपहिरो जाने, हिमताल फुट्ने तथा पहाडको गल्छी र खोच हुँदै बग्ने नदीहरूमा पानीको बहावसँगै ढुङ्गा, माटो र गेगर बग्दा सिर्जना हुने दबाबले पहाडका गल्छी तथा तटीय क्षेत्र कटानमा पर्छन् । साथै, पहाडी पहिरोसमेत मिसिँदा तटीय क्षेत्रमा डरलाग्दो विनाश हुने अवस्था रहन्छ । अत्यधिक वर्षाले पनि यस्तै अवस्था निम्त्याउँछ । समयमै सूचना प्रवाह हुन सकेको भए शतप्रतिशत क्षति यो दाबीलाई दीर्घकालीन उपायका रूपमा लिइएको छ । अहिले सरकारका लागि संयुक्त राष्ट्रसंघको महासभाजस्तो शक्तिशाली मञ्चमा सहभागी भई जलवायु न्यायका लागि तर्क र तथ्यपूर्ण आवाज उठाउने अवसर प्राप्त भएको छ । हाम्रा पीडा विश्वसमुदायसामु राखेर भविष्यमा हुने जोखिमको दीर्घकालीन न्यूनीकरण गर्ने तथा विनाशको क्षतिपूर्तिका लागि दबाब दिन सकिन्छ । जलवायु परिवर्तनको असरबाट विगतमा भएका घटनाहरु हाम्रा समस्याको निदान गर्ने आधार हुन् भने व्यहोर्नु परेको क्षतिको भरपाइका लागि क्षतिपूर्ति दाबी गर्ने राम्रो अवसर पनि हुन् ।

भोटेकोशीको भयावह स्थितिलाई प्राथमिकतामा राखेर विपद् व्यवस्थापन गर्न सरकारको अगुवाइमा आम नागरिकले स्वतःस्फूर्त सहयोग गर्नुपर्छ । स्वदेश तथा अन्तर्राष्ट्रिय समुदायबाट भोटेकोशी विपद् व्यवस्थापनमा सहयोग प्राप्त भइरहेकै छ । प्राप्त सहयोगलाई खोज, उद्धारदेखि पुनःस्थापनासम्मका विपद् व्यवस्थापनका चरणबद्ध कार्यहरूमा उपयोग गर्न विशेष जोड दिनुपर्छ । विपद् व्यवस्थापनमा खटिएका निकायहरूको कार्यप्रभावकारिता बढाउनुका साथै प्रभावित नागरिकको सामान्य जीवनयापनका लागि राहत वितरण र पुनःस्थापनामा पीडितको सहज पहुँच हुने गरी राज्य सक्रिय हुनुपर्छ । अन्ततः, विपद् जोखिमको दीर्घकालीन समाधान गर्न तथा जलवायु परिवर्तनको असरबाट भएको विनाशको क्षतिपूर्ति दाबी गरी त्यसलाई फलदायी बनाउने महत्त्वपूर्ण अवसर अहिले आएको छ । रातोपाटीबाट

## तपाईंको आज

**मेष**
शुभचिन्तकहरूको भावनालाई बेवास्ता गर्दा दुःख पाइनेछ। हडबडीले काम बिग्रनेछ ।

**वृष**
आफ्नाबाटै टाढिनुपर्ने स्थिति आउन सक्छ । अवसरका लागि निकै दौडधुप गर्नुपर्नेछ ।

**मिथुन**
पहिलेको सफलताले हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ । आयआर्जनका स्रोत बढ्नेछन्।

**कर्कट**
चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ । शत्रुहरु किनारा लाग्नेछन् । आयआर्जनका स्रोत बढ्नेछन्।

**सिंह**
बिग्रिएको काममा दोहोर्याएर प्रयत्न गर्नुहोला। सेवामूलक काममा प्रवृत्त भइनेछ ।

**कन्या**
ज्ञान, कला र व्यक्तित्व निखार्ने समय छ । आकर्षक उपहारले उत्साह जगाउनेछ ।

**तुला**
हतारको निर्णयले काम बिग्रनेछ। महत्वाकांक्षी योजनामा आफ्नैले बाधा पुर्याउलान् ।

**वृश्चिक**
प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । मिहिनेतले लक्ष्यमा पुर्याउनेछ । आतिथ्यपूर्ण सम्मान पनि प्राप्त हुनेछ ।

**धनु**
परिस्थितिअनुसार चल्न नसक्ता पछि परिनेछ । आर्थिक स्थितिमा सामान्य सुधार आउनेछ ।

**मकर**
कामको चाप पनि बढ्न सक्छ। प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला ।

**कुम्भ**
भौतिक साधन जुट्नाले प्रसन्नता मिल्नेछ । आयआर्जनका स्रोत बढ्नेछन् ।

**मीन**
स्रोत-साधन जुट्नाले उद्योग र व्यापारमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ । आयआर्जनका स्रोत बढ्नेछन्।

# जलवायु न्यायको माग गर्दै ........

घोषणापत्रले अन्तर्राष्ट्रिय जलवायु वित्तीय संयन्त्रबाट हिमाली क्षेत्रले विशेष क्षतिपूर्ति पाउनुपर्ने माग गरेको छ । २०८३ भदौ १० गते लामटाङ लिरुङ हिमालको हिमनदी 'कोल्याप्स' भई भोटेकोशी नदीमा आएको लेदोसहितको आकस्मिक बाढीबाट भएको क्षतिको उचित क्षतिपूर्ति उपलब्ध गराउन माग गरिएको हो ।

उक्त क्षतिपूर्तिलाई मानवीय सहायता मात्र नभई जलवायु न्यायको विषयका रूपमा सम्बोधन गर्नुपर्ने सम्मेलनको अडान छ ।

**मुस्ताङमा 'स्थानीय सरकार जलवायु पार्क'**

सम्मेलनले मुस्ताङको जोमसोममा 'स्थानीय सरकार जलवायु पार्क' स्थापना गर्ने संकल्पसमेत गरेको छ । कालीगण्डकी नदी तथा सहायक खोलामा गेग्रान थुप्रिँदा नदीको सतह बस्तीभन्दा माथि पुग्ने अवस्था बनेको र यसले बाढी तथा अन्य विपद्को जोखिम बढाएको सम्मेलनको निष्कर्ष छ। जोखिम न्यूनीकरणका लागि स्थानीय तहलाई नदीजन्य पदार्थको व्यवस्थापन तथा उत्खनन गर्न सक्ने गरी सम्बन्धित कानुन संशोधन गर्न माग गरिएको छ ।

घोषणापत्रमार्फत ग्रिन क्लाइमेट फन्ड (जीसीएफ), एडप्टेसन फन्ड, फन्ड फर रेस्पोन्डिङ टु लस एन्ड ड्यामेज (एफआरएलडी), ग्लोबल इन्भाइरोन्मेन्ट फेसिलिटी (जीईएफ) र लिक्विड डेभलप्ड कन्ट्रीज फन्ड (एलडीसीएफ) लगायतका अन्तर्राष्ट्रिय कोषबाट अनुदानमुखी वित्त तत्काल परिचालन गर्न आह्वान गरिएको छ। त्यस्तै, संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी खाका सम्झौता (यूएनएफसीसीसी) तथा विश्वका राजनीतिक नेतृत्वलाई विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्ने प्रतिबद्धता कार्यान्वयन गर्न आग्रह गरिएको छ।

**समावेशी सहभागिता र दुई वर्षमा सम्मेलन**

जलवायु नीति तथा बजेट निर्माण प्रक्रियामा महिला, आदिवासी, दलित, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने घोषणा गरिएको छ। हरेक दुई वर्षमा जलवायु परिवर्तनसम्बन्धी सम्मेलन आयोजना गर्ने र त्यसको समन्वय जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ तथा गाउँपालिका राष्ट्रिय महासंघले गर्ने निर्णय पनि सम्मेलनले गरेको छ । पवित्र कालीगण्डकीको तट, शालग्रामको भूमि र मुक्तिनाथको छत्रछायामा सम्पन्न सम्मेलनले देशका ७५३ वटै स्थानीय तहको तर्फबाट 'हिमाल बचाऔं, जलवायु बचाऔं; प्रकृति बचाऔं, मानव भविष्य बचाऔं' भन्ने आह्वान गरेको छ ।

**४२१ स्थानीय तह र ३६ जिल्ला समन्वय समिति सहभागी**

जलवायु संकटका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बहस सिर्जना गर्ने उद्देश्यले आयोजित सम्मेलनमा देशभरका ४२१ स्थानीय तह र ३६ जिल्ला समन्वय समितिका पदाधिकारी सहभागी भएका थिए ।

यसअघि अघिल्लो वर्ष भदौको अन्तिम साता जेनजी आन्दोलनका कारण स्थगित भएको सम्मेलन स्थानीय जनप्रतिनिधि तथा स्थानीय बासिन्दाको पहल र इच्छाशक्तिका कारण यसपटक आयोजना गरिएको आयोजकले जनाएको छ ।

उद्घाटन सत्रमा कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले जलवायु परिवर्तनका चुनौती सामना गर्न संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य आवश्यक रहेको बताइन्। उनले भनिन्, 'जलवायु परिवर्तनका चुनौतीहरूको सामना गर्न केवल एउटा निकायको प्रयास पर्याप्त हुँदैन, यसका लागि संघ, प्रदेश र स्थानीय तहबीच बलियो सहकार्य आवश्यक छ ।'

कार्यक्रममा प्रधानमन्त्री वालेन्द्र शाहले पठाएको शुभकामना सन्देश प्रस्तुत गरिएको थियो। गाउँपालिका उपाध्यक्ष जमुना थकालीले हिमाली क्षेत्रमा जलवायु संकटको प्रत्यक्ष प्रभाव भोगिरहेका समुदायको आवाज माथिल्लो तहसम्म पुऱ्याउनु स्थानीय तहको दायित्व भएको बताइन्।

औपचारिक बहसमा प्रतिनिधिसभा सदस्य योगेश गौचन थकालीसहित विभिन्न तहका जनप्रतिनिधिले जलवायु परिवर्तनबाट आ-आफ्नो क्षेत्रमा परेका प्रभावबारे धारणा राखेका थिए। प्राविधिक सत्रमा सहसचिव हरिप्रसाद शर्मा, प्राडा विनोद दवाडी, विज्ञ कृष्णचन्द्र देवकोटा र सहसचिव गणेशप्रसाद भट्टले विषयगत कार्यपत्र प्रस्तुत गरेका थिए। समूहगत छलफलमा गाउँपालिका राष्ट्रिय महासंघ नेपालका प्रतिनिधिहरूले जलवायु परिवर्तनका बहुआयामिक प्रभाव, स्थानीय तहको भूमिका र अनुकूलनका उपायबारे छलफल गरेका थिए ।

संघीय मामिला मन्त्रालयको समन्वय तथा घरपझोङ गाउँपालिकाको आयोजनामा सम्पन्न सम्मेलनअघि मौलिक भेषभूषा र झाँकीसहित प्रभातफेरी निकालिएको थियो। सम्मेलनमा सहभागी पाहुनाले मुक्तिनाथ दर्शन तथा स्थानीय स्याउ बगैंचाको अवलोकनसमेत गरेका थिए। कार्यक्रम व्यवस्थापनमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भीमकुमार बस्नेतको सक्रिय भूमिका रहेको आयोजकले जनाएको छ।

घरपझोङ सम्मेलनले स्थानीय तहका जलवायु अनुभव, माग र प्रतिबद्धतालाई एउटै दस्तावेजमा समेट्दै हिमाली क्षेत्रको जलवायु संकटलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बहसमा लैजाने आधार तयार गरेको आयोजकको भनाइ छ ।

# मौरीका आधुनिक घार निर्माणका लागि मेशिनरी सामग्री हस्तान्तरण

भञ्ज्याङ समाचारदाता/ऋषिङ

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश, पोखरा र ऋषिङ गाउँपालिकाको साझेदारीमा सञ्चालित नवप्रवर्तन साझेदारी कार्यक्रम (मौरी परियोजना) अन्तर्गत मौरीपालन व्यवसायलाई प्रवर्द्धन गर्ने उद्देश्यले आवश्यक मेशिनरी सामग्री हस्तान्तरण गरिएको छ ।



ऋषिङ गाउँपालिका-४ स्थित केशर कृषि, पशुपन्छी तथा मौरीपालन फर्मका सञ्चालक केशर मल्ललाई गाउँपालिकाले मौरीका आधुनिक घार निर्माणका लागि आवश्यक मेशिनरी सामग्री उपलब्ध गराएको गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले जानकारी गराए।

उक्त मेशिनरी सामग्रीको प्रयोग गरी फर्मले आधुनिक प्रविधिबाट मौरीका घार निर्माण गर्न थालेको छ । स्थानीयस्तरमै घार निर्माण हुन थालेपछि मौरीपालक कृषकलाई आवश्यक घार सहज रूपमा उपलब्ध हुनुका साथै घार खरिदका लागि बाहिरी क्षेत्रमा निर्भर रहनुपर्ने अवस्था कम हुने अपेक्षा गरिएको छ।

मौरी परियोजनाले मौरीपालनलाई व्यावसायिक तथा प्रविधिमैत्री बनाउँदै स्थानीयस्तरमा रोजगारी र आयआर्जनका अवसर सिर्जना गर्ने लक्ष्य राखेको अध्यक्ष श्रेष्ठले बताए । आधुनिक घार निर्माण तथा मौरीपालन प्रविधिको विस्तारले उत्पादन र व्यवसायीकरणमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको उनले बताए। गाउँपालिकाले कृषि तथा पशुपालनसँग जोडिएका नवीन कार्यक्रममार्फत स्थानीय उत्पादन, उद्यमशीलता र रोजगारी प्रवर्द्धनमा जोड दिँदै आएको जनाएको छ ।

गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय र
सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय
**एकीकृत सेवा कार्यालय, तनहुँ**
तनहुँ, नेपाल

**विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गर्ने संघ/संस्थालाई अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी सूचना**

प्रथम प्रटक सूचना प्रकाशित मिति : २०८३/०६/०१

स्थानीय/जिल्लास्तरमा सञ्चालित खेल सम्बन्धी गतिविधीहरूलाई आर्थिक सहयोग प्रदान गर्ने उद्देश्यले गण्डकी प्रदेश सरकार, सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालयद्वारा आ.व. २०८३/०८४ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयबाट कार्यक्रम कार्यान्वयन गर्नको लागि स्वीकृत मापदण्ड बमोजिम तनहुँ जिल्लामा खेल आयोजक संघ/संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न कागजात सहित यस कार्यालयमा प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ।

१) **आवश्यक कागजातहरू :**
खेल आयोजक संघ/संस्थाहरूले लेटर प्याडमा तपशिल अनुसारका कागजात संलग्न गरी कार्यालयमा निवेदन पेश गर्नुपर्ने छ ।

**तपशिल**
क) संस्था दर्ताको प्रमाणपत्र, नवीकरण र आ.व. २०८२/०८३ सम्मको कर चुक्ता प्रमाणपत्र ।
ख) मञ्चालन गर्न लागिएको खेलकुद प्रतियोगिता सम्बन्धी विवरण खुलेको प्रस्ताव ।
ग) कार्यक्रम माग सम्बन्धी बैठकको निर्णयको प्रतिलिपिहरू ।

२) **अनुदान रकमको सीमा** : कार्यक्रम सञ्चालन मापदण्ड बमोजिम हुनेछ ।
३) क्रियाकलाप सञ्चालन सम्बन्धमा कार्यालयले प्रचलित कानून बमोजिम थप निर्णय गर्न सक्ने छ ।

**थप जानकारीको लागि :**
मो.नं. ९८५६०१३४२२, ९८५६०१३४२४ मा सम्पर्क राख्न सक्नुहुनेछ ।

**कार्यालय प्रमुख**

# जग्गा थियो, लालपुर्जा थिएन : .....

प्रमाण जुटाउन नसक्दा कतिपय निवेदकको प्रक्रिया पुरा नभएको उनको भनाइ छ ।

यस्तै, देवघाटमा भूमि समस्या समाधानको प्रक्रियामा अर्को जटिलता आवेदनकै वर्गीकरणमा देखिएको छ । अध्यक्ष थापाका अनुसार अव्यवस्थित बसोबासीका रूपमा आवेदन दिनुपर्ने व्यक्तिले समेत भूमिहीन दलित वा भूमिहीन सुकुम्बासीको फारम भरेका पाइएको छ।

"अव्यवस्थित बसोबासीको फारम भर्नुपर्नेमा धेरै जनाले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको फारम भरेको पाइयो। यसरी भरिएको फारमलाई अव्यवस्थित बसोबासीमा संशोधन गरेर लैजानुपर्ने हुन्छ", उनले भने, "संशोधन भएन भने धेरै जना जग्गाधनी पुर्जाबाट वञ्चित हुने अवस्था देखिन्छ ।"

ऐलानी जग्गाको पुरानो निस्सासँग जोडिएको अर्को समस्या पनि रहेको उनले बताए । विगतमा निस्सा वितरण गरिएको जग्गा आवश्यकताका कारण एक व्यक्तिले बिक्री गरेको अवस्थामा अहिलेको मापदण्डअनुसार निस्सा प्राप्त गर्ने व्यक्तिकै नाममा प्रमाणपुर्जा जारी हुने व्यवस्था हुँदा हाल जग्गा भोगचलन गरिरहेका व्यक्ति प्रमाणपुर्जाबाट वञ्चित हुनसक्ने उनको भनाइ छ। अध्यक्ष थापाले भने, "यो विषय पनि समिति तथा आयोगबाटै आवश्यक संशोधन हुनुपर्ने देखिन्छ।"

देवघाट गाउँपालिकाभित्र मात्रै करिब चार हजार छ सय घरधुरीले भूमि समस्या समाधान सम्बन्धी फारम भरेका छन् ।

पालिकाबाट प्रमाणीकरण भएर जिल्ला समितिमा आएपछि आवश्यक प्रक्रिया पूरा गरी जग्गाधनी प्रमाणपुर्जा वितरण गरिने जिल्ला भूमि समस्या समाधान समिति तनहुँका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले बताए ।

"हालसम्म जिल्लाबाट प्रमाणीकरण गरी २७५ घरधुरीका फारम समितिमा आएका छन्", तिवारीले भने, "यस बाहेक पनि जिल्लाका विभिन्न वडा र पालिकामा धेरै फारम छन् । उहाँहरूले आवश्यक कागजपत्र मिलाएर समितिमा पठाउनुहुन्छ । हामीले पनि रूजु गर्दै प्रमाणपुर्जा वितरण गर्दै जान्छौं ।"

समितिका अनुसार तनहुँमा करिब २४ हजार घरधुरी अव्यवस्थित बसोबासी तथा तीन हजार घरधुरी भूमिहीन दलित र भूमिहीन सुकुम्बासी छन् ।

उक्त कार्यक्रममा समितिका सदस्य तथा व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुकदेव लम्साल, जिल्ला समन्वय अधिकारी एवं समितिका सदस्य शिवप्रसाद रिजाल, भूमि प्रशासन कार्यालय तनहुँका प्रमुख एवं समितिका सदस्य राजेन्द्र पौडेल, वन कार्यालय तनहुँका प्रमुख एवं समिति सदस्य मनोज रानाभाट, देवघाट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रद्युम्नकुमार खड्का, प्रवक्ता पूर्णबहादुर कुँवर तथा वडा नं. १ का वडाध्यक्ष मनिराज गुरुङलगायत सहभागी रहेको थियो ।

प्रचलित कार्यविधिअनुसार भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई उनीहरूले भोगचलन गर्दै आएको जग्गाको अवस्था र क्षेत्रअनुसार स्वामित्व उपलब्ध गराउने व्यवस्था छ । पहाडी क्षेत्रमा तोकिएको मापदण्डअनुसार बढीमा पाँच रोपनी १४ आनासम्म जग्गा निःशुल्क उपलब्ध गराउन सकिने कानुनी व्यवस्था रहेको समितिले जनाएको छ ।




एकबहादुर दर्जी, होममाया परियार लगायत १० जनाका लागि भने दशकौंको प्रतीक्षा बुधबार टुंगिएको छ । पुर्स्तौंदेखि भोगचलन गर्दै आएको जमिनमा कानुनी स्वामित्वको प्रमाण हातमा आएपछि उनीहरूको खुसीमा एउटा प्रश्न पनि जोडिएको छ- अब बाँकी भूमिहीन परिवारले कहिले पाउनेछन् आफ्नो जग्गाको लालपुर्जा ?

भूमि समस्या समाधानको प्रक्रिया अघि बढिरहे पनि पुराना अभिलेख, तीन पुस्ते विवरण, आवेदनको वर्गीकरण र निस्सा हस्तान्तरणसँग जोडिएका जटिलता समाधान नगरेसम्म धेरै परिवारको प्रतीक्षा अझै लम्बिन सक्ने देखिन्छ।

**विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना**

**असोज ०२ गते शुक्रबार**
१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित बिरामीले उपचार सेवा लिनुहोला ।

**असोज ०४ गते आइतबार**
१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा. अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरु :**
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाब, वीर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डाक्टरा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ, स्टेचिङ आदी सेवा, ६) नेबुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**असोज ०३ गते शनिबार**
१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका बिरामीले उपचार सेवा लिनुहोला ।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ट **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबड हुने र महिनावारी हुँदा पेट दुख्ने आदी समस्या भएका बिरामीहरूले उपचार सेवा लिनुहोला*

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
व्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# तनहुँ र चितवन जोड्ने घुमाउने घाट पुलको नयाँ ठेक्का लगाउने तयारी

भञ्ज्याङ समाचारदाता/तनहुँ

नारायणगढ-मुग्लिन सडक खण्डअन्तर्गत चितवनको घुमाउने घाटबाट तनहुँको आँबुखैरेनी जोड्ने गरी निर्माण थालिएको पुल वर्षौंसम्म अलपत्र परेपछि अब नयाँ ठेक्कामार्फत निर्माण अघि बढाइने भएको छ । पुल निर्माणको पुरानो ठेक्का तोडिएसँगै सडक डिभिजन कार्यालय दमौलीले बाँकी कामका लागि नयाँ ठेक्का प्रक्रियाको तयारी थालेको हो ।



विसं. २०७० मा ठेक्का सम्झौता भएर निर्माण सुरू भएको पुल लामो समयदेखि अधुरो अवस्थामा छ । चालु आर्थिक वर्षमा नयाँ ठेक्का आह्वानका लागि रू. १ करोड ५० लाख बजेट विनियोजन गरिएको सडक डिभिजन कार्यालय दमौलीका सूचना अधिकारी इन्जिनियर राजेन्द्र कार्कीले जानकारी दिए ।

नयाँ निर्माण कम्पनी छनोट गर्नुअघि यसअघि निर्माण भएको संरचना सुरक्षित र प्रयोगयोग्य अवस्थामा छ कि छैन भन्ने प्राविधिक अध्ययन भइरहेको छ । पुलका दुवैतर्फ निर्माण गरिएका आधार पिल्लरको 'स्ट्रक्चर हेल्थ' परीक्षण भइरहेको कार्यालयले जनाएको छ ।

इन्जिनियर कार्कीले भने, "अहिले पहिले निर्माण भएको संरचनाको प्राविधिक अवस्था परीक्षण भइरहेको छ । त्यसको प्रतिवेदनका आधारमा बाँकी काम अघि बढाउने प्रक्रिया अगाडि बढ्छ।"

पुरानो निर्माण कम्पनी मृतसञ्जीवनी निर्माण सेवा, मकवानपुरसँग सडक डिभिजन कार्यालयले २०८३ वैशाख २९ गते ठेक्का सम्झौता अन्त्य गरेको थियो। कम्पनीसँग २०७० असार २८ गते मूल्य अभिवृद्धि करसहित रू. ११ करोड २६ लाखमा पुल निर्माणको सम्झौता भएको थियो ।

सम्झौता भएको लामो समयसम्म पनि निर्माणले अपेक्षित गति लिन नसकेपछि आयोजना अन्योलमा परेको थियो । निर्माणका क्रममा कम्पनीले तयार गरेको डिजाइनमा समस्या देखिएपछि पानीको सतहलाई आधार बनाएर डिजाइन पुनरावलोकन गर्नुपर्ने अवस्था आएको थियो । त्यसपछि निर्माण कम्पनीले थप रकम आवश्यक पर्ने दाबी गरेको थियो।

तर, सुरूको बोलपत्रकै आधारमा जिम्मेवारी लिएको निर्माण कम्पनीले डिजाइन परिवर्तन भएपछि थप रकम माग गरेकाले सम्झौताअनुसार काम अघि बढाउन नसकिएको सडक डिभिजन कार्यालयको भनाइ छ । निर्माण कम्पनीले हालसम्म करिब रू. ३ करोड ३६ लाख बराबरको रकम भुक्तानी लगेको बताइएको छ ।

पुल निर्माणमा भएको ढिलाइका कारण चितवनतर्फको घुमाउने घाट र तनहुँतर्फको आँबुखैरेनीबीचको आवागमन सहज बनाउने योजना लामो समयदेखि अधुरो रहँदै आएको छ । पुरानो ठेक्का अन्त्य भएपछि अब बाँकी संरचनाको अवस्था मूल्याङ्कन गरी आवश्यक कामको लागत र प्राविधिक पक्ष टुङ्ग्याएर नयाँ ठेक्का लगाउने तयारी गरिएको हो ।

ठेक्का सम्झौता तोडिएपछि निर्माण कम्पनीविरूद्ध सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा सम्झौताका प्रावधानअनुसार कारबाही प्रक्रिया अघि बढाइने कार्यालयले जनाएको छ । यसअन्तर्गत कार्यसम्पादन जमानत जफत, कालोसूचीमा राख्न सिफारिस, हर्जाना असुल तथा बाँकी कामको मूल्याङ्कन गरी सरकारी बाँकीसरह रकम असुल गर्ने प्रक्रिया अघि बढ्न सक्नेछ ।

घुमाउने घाटमा पुल निर्माण सम्पन्न भएपछि तनहुँ र चितवनबीचको सडक सम्पर्क थप छोटो र सहज हुने अपेक्षा गरिएको छ। पुल बनेपछि घुमाउनेबाट बुद्धसिंह मार्ग हुँदै दमौलीसम्मको दूरी करिब ३२ किलोमिटरमा जोडिनेछ। हाल भने घुमाउनेबाट दमौली आउन मुग्लिन-आँबुखैरेनी हुँदै लामो दूरीको बाटो प्रयोग गर्नुपर्ने अवस्था छ । पुल निर्माण पूरा भए बुद्धसिंह मार्ग हुँदै दमौली र त्यसपछि पोखरातर्फ जाने यात्रु तथा मालवाहक सवारीलाई समेत सहज हुनेछन् ।

चितवनको नारायणगढ क्षेत्र र तनहुँ हुँदै पोखरा जोड्ने वैकल्पिक सडक सञ्जालका दृष्टिले समेत यो पुललाई महत्वपूर्ण मानिएको छ । लामो समयदेखि अधुरो रहेको पुलको नयाँ ठेक्का प्रक्रिया अघि बढ्न थालेपछि स्थानीयवासी तथा सडक प्रयोगकर्तामा निर्माण पूरा हुने अपेक्षा बढेको छ ।

# तनहुँ जलविद्युत आयोजनाद्वारा ऋषिङको दीपक माविको नयाँ भवन निर्माण गरिदै

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँ जलविद्युत आयोजनाको सामुदायिक विकास कार्यक्रम अन्तर्गत ऋषिङ गाउँपालिका-१, गैराखुदीस्थित श्री दीपक माध्यमिक विद्यालयमा नयाँ भवन निर्माण हुने भएको छ । आयोजनाको आर्थिक सहयोगमा निर्माण हुने दुईतले भवनको बुधबार शिलान्यास गरिएको छ ।



ऋषिङ गाउँपालिकाका उपाध्यक्ष गिनुमाया थापा, वडा नं. १ का वडाध्यक्ष कुशबहादुर आले र विद्यालयका प्रधानाध्यापक टेकबहादुर थापाले संयुक्त रूपमा भवनको शिलान्यास गरेका थिए । नयाँ भवनमा शौचालय सुविधासहित छ वटा कक्षाकोठा रहनेछन् । भवन निर्माणका लागि आयोजनाले व्यास नगरपालिका-२, दमौलीस्थित बेलु निर्माण सेवासँग गत असार २६ गते ठेक्का सम्झौता गरेको थियो।

सम्झौता रकम मूल्य अभिवृद्धि करसहित रू. १ करोड २० लाख ६८ हजार ७२३ रहेको छ । निर्माण कार्य २०८४ पुस २५ गतेभित्र सम्पन्न गर्ने गरी अवधि तोकिएको छ ।

आयोजनाका अनुसार नयाँ विद्यालय भवन नेपाल सरकारका विद्यालय भवनसम्बन्धी प्रचलित मापदण्ड, डिजाइन तथा प्राविधिक विशिष्टताअनुसार निर्माण गरिनेछ। भवन सुरक्षित, विपद्-प्रतिरोधी तथा गुणस्तरीय सिकाइ वातावरणलाई ध्यानमा राखेर निर्माण हुने जनाइएको छ ।

भवन निर्माण सम्पन्न भएपछि विद्यालयका विद्यार्थीले थप व्यवस्थित र सुरक्षित शैक्षिक पूर्वाधार प्राप्त गर्ने अपेक्षा गरिएको छ । यसबाट विद्यालयको भौतिक अवस्था सुधार हुनुका साथै आयोजना प्रभावित क्षेत्रका बालबालिकाको सिकाइ वातावरणमा समेत सुधार आउने आयोजनाले जनाएको छ ।

तनहुँ जलविद्युत आयोजनाले आयोजना प्रभावित क्षेत्रका समुदायमा सामाजिक पूर्वाधार विकासलाई प्राथमिकता दिँदै शिक्षा, स्वास्थ्य, खानेपानी तथा अन्य क्षेत्रमा सामुदायिक विकास कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

आयोजनाको आर्थिक सहयोगमा यसअघि व्यास नगरपालिका-५, बेनीपाटनस्थित श्री पराशर माध्यमिक विद्यालय तथा भिमाद नगरपालिका-५, ऋषिङपाटनस्थित श्री दीपक माध्यमिक विद्यालयका भवनसमेत निर्माण भइसकेका छन् ।

सामुदायिक विकास कार्यक्रम अन्तर्गत आयोजनाको आर्थिक सहयोगमा शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधारलगायत विभिन्न क्षेत्रमा हालसम्म ९८ वटा योजना सम्पन्न भइसकेका छन् । थप ९ वटा योजना निर्माण तथा कार्यान्वयनको क्रममा रहेका छन्।

आयोजनाले यस्ता कार्यक्रमले आयोजना प्रभावित तथा आसपासका समुदायमा आवश्यक सामाजिक पूर्वाधार निर्माणसँगै दीर्घकालीन शैक्षिक तथा सामाजिक-आर्थिक विकासमा सहयोग पुग्ने जनाएको छ ।

bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com
newsbhanjyang@gmail.com
Call: 065-563907, 9856060376

facebook twitter



**Basanta Ghimire**
x.com/basantaplp

Psychology मा एउटा Concept छः Hedonic Adaptation यसले भन्छ, हाम्रो खुशीको पनि एउटा Baseline हुन्छ। हामी कुनै चीज पाउन मरिहत्ते गर्छौं, त्यसलाई पाइसकेपछि केही समय त्यो नै संसारकै सबैभन्दा ठूलो खुशी लाग्छ । तर समयसँगै मन त्यसमा अभ्यस्त हुन्छ, त्यसको चमक सामान्य बन्छ, अनि हामी फेरि आफ्नै पुरानो द्यबकभष्लिभ मा फर्किन्छौँ ।
अर्थात्,
दुनिया जिसे कहते हैं जादूका खिलौना है
मिल जाए तो मिट्टी है खो जाए तो सोना है–
निदा फाजली

# एक्लेखेतमा बाढी पसेपछि १३ परिवार विस्थापित

भञ्ज्याङ समाचारदाता/दुलेगौंडा

अविरल वर्षासँगै खोल्सीमा आएको बाढी बस्तीमा पस्दा तनहुँको शुक्लागण्डकी नगरपालिका-२ एक्लेखेतका १३ घरपरिवार विस्थापित भएका छन् । बुधबार बिहान करिब २ बजे ताकुडाँडाको खोल्सीमा पानीको बहाव बढेपछि बस्तीमा बाढी पसेको हो । बाढीको पानी घरभित्र पसेपछि जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा सार्ने काम भइरहेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ। बाढीबाट मानवीय क्षति भने भएको छैन ।



जिल्ला प्रहरी कार्यालय तनहुँका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेका अनुसार बाढी बस्तीमा पसेको सूचना प्राप्त हुनासाथ अस्थायी प्रहरी पोस्ट कोत्रेबाट प्रहरी सहायक निरीक्षक रामचन्द्र पौडेलको नेतृत्वमा उद्धार टोली परिचालन गरिएको थियो ।

बाढीले एक्लेखेतका विभिन्न घरमा क्षति पुऱ्याएको छ । कुलप्रसाद पन्थीको दुईतले पक्की घरमा पानी पसेको छ भने टिका पुन, तिलकुमारी पुन, खिलबहादुर पुन, कलिमाया पन्थी, नममाया तिलिजा पुन, शंकर विक, नरबहादुर विक, लुककुमारी पुन, दुरूपती पौडेल र खेमबहादुर विकको एकतले कच्ची घरमा बाढीको पानी पसेको प्रहरीले जनाएको छ ।

त्यसैगरी हर्कबहादुर पुनको एकतले पक्की घर र मिना सुवेदीको दुईतले पक्की घरमा समेत बाढीको पानी पसेको छ । बुधबार बिहान बाढी बस्तीमा पसे पनि अहिले पानीको बहाव पूर्ण रूपमा घटिसकेको प्रहरीले जनाएको छ।

# शुक्लागण्डकीमा दुई जनाको मृत्यु, दुई घाइते

भञ्ज्याङ समाचारदाता/दुलेगौंडा

तनहुँको शुक्लागण्डकीमा छुट्टाछुट्टै दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । करेन्ट लागेर एक जनाको र एक जनाको चट्याङ लागेर मृत्यु भएको हो ।

शुक्लागण्डकी नगरपालिका-४ दुलेगौंडामा बुधबार राति करिब ११ बजे आफ्नै डेराकोठामा अचानक करेन्ट लागेर अचेत भएका शुक्लागण्डकी-९ घारी स्थायी घर भई हाल दुलेगौंडामा डेरा गरी बस्ने ४५ वर्षीय खड्कबहादुर गौतमलाई उपचारका लागि जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र भरौटा लगिएको थियो । अस्पतालले राति ११:२२ बजे उनलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

करेन्ट लागेका गौतमलाई छुटाउने क्रममा शुक्लागण्डकी-४ दुलेगौंडाका ६५ वर्षीय डिलबहादुर सार्कीलाई समेत करेन्ट लागेको थियो । उनको उपचारका लागि गण्डकी अस्पताल पोखरा लगिएको प्रहरीले जनाएको छ ।

यसैगरी, मृतककी ४१ वर्षीया श्रीमती पार्वती गौतमलाई पनि करेन्ट लागेको थियो । उनको दाहिने हातको बुढी औँलामा चोट लागेको र अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ । प्रारम्भिक उपचारपछि थप उपचारका लागि उनलाई गण्डकी अस्पताल पोखरा रिफर गरिएको थियो । उनी उपचारपछि डिस्चार्ज भइसकेकी छन् । घटनापछि प्रहरीले कानुनी प्रक्रिया पूरा गरी मृतक गौतमको शव परीक्षणका लागि प्रदेश अस्पताल दमौली पठाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

**चट्याङ लागेर वृद्धको मृत्यु**

यस्तै, तनहुँको शुक्लागण्डकी नगरपालिका-९ लामिसुँहारामा चट्याङ लागेर एक वृद्धको मृत्यु भएको छ । मंगलबार राति चट्याङ लागेर ७३ वर्षीय हुमबहादुर सुस्लिङ मगरको मृत्यु भएको हो । उनी आफ्नै घरको माथिल्लो तलामा रहेको सुत्ने कोठाको ढोकानजिक मृत अवस्थामा फेला परेका थिए।

घटनाको जानकारी प्राप्त भएपछि इलाका प्रहरी कार्यालय बेलचौताराबाट प्रहरी निरीक्षक धननारायण श्रेष्ठको कमाण्डमा प्रहरी टोली घटनास्थल पुगेको थियो । प्रहरीले घटनास्थलको प्रारम्भिक अनुसन्धान तथा आवश्यक कानुनी प्रक्रिया पूरा गरी शव परीक्षणका लागि प्रदेश अस्पताल दमौली पठाएको जनाएको छ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४